# सुन्दरहरैंचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**
## नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**

विराटचौक, मोरङ
**Biratchowk, Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province, Nepal**

F/Y प.सं. ०८२/०८३ (2082/083) आर्थिक विकास शाखा, कृषि विकास उपशाखा
Ref/ च.नं. १८०९

मितिः- २०८२/०८/०३

श्री कृषि सहकारी सस्था / बहुउधेश्यीय सहकारी संस्था/सहकारी संस्था / फर्म वा कम्पनी
सुन्दरहरैंचा नगरपालिका ।

**विषयः- अनुदानको रसायनिक मल बिक्री वितरण गर्न बिक्रेता डिल्लरको मागँ गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा सुन्दरहरैंचा वडा नं. २ मा अनुदानको रसायनिक बिक्री वितरण गर्न बिक्रेता डिल्लरको आवस्यक रहेको हुदाँ मल वितरण व्यवस्थापन कार्यबिधि २०८२ परिच्छेद ५ बमोजिम तपसिलको कागजपत्र सहित रसायनिक मलको बिकेताको लागी माँग गर्नुहुन अनुरोध छ ।

तपसिल

१. सहकारी संस्था/ फर्म वा कम्पनी दर्ताको प्रमाण
२. सम्बन्धित वडा (वडा नं. २) को सिफारिस पत्र
३. विगतका दुइ आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी
४. संस्थाको संचालक समिति/ बोर्डको निर्णय
५. स्थायी लेखा नम्बर PAN दर्ता प्रमाण
६. अनुभव कार्यक्षमताको विवरण कम्तिमा दुइ बर्षदेखि कृषि उत्पादन सामाग्रीको बिक्री विवरणमा संलग्न रहेको
७. नापतौल गर्ने मेशिन (कम्तिमा १०० के.जी क्षमताको), गोदामघर, सुचना प्रविधि लगायतका भौतिक पुर्वाधारको विवरण
८. पछिल्लो आ.व को कर चुक्ता प्रमाणपत्र
९. डिल्लर रहने प्रस्तावित स्थान

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थः-

श्री नगर प्रमुखको सचिवालय सुन्दरहरैंचा नगरपालिका ।
श्री नगर उप-प्रमुखको सचिवालय सुन्दरहरैंचा नगरपालिका ।
श्री वडा नं. २ को कार्यालय सुन्दरहरैंचा नगरपालिका
सुचना प्रविधि शाखा- web site मा अपलोड गरिदिनुहुन ।



CamScanner

प्रमाणित विधायनको प्रकृति: कार्यविधि
दर्ता नं. ८/०८२
दर्ता मिति: २०८२/०८/२०
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

मा. मन्त्रीस्तरबाट मिति २०८२/०८/०८ मा स्वीकृत

# अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२

मलको सहज र सुलभ आपूर्ति मार्फत कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा तथा देशको आर्थिक समृद्धिमा योगदान गर्न तथा नागरिकको मौलिक अधिकारको रुपमा संविधानमा व्यवस्था गरिएको "खाद्य सम्वन्धी हक" को कार्यान्वयनमा टेवा पुर्‍याउन लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा उपलब्ध गराइने रासायनिक मलको आपूर्ति तथा बिक्री वितरण कार्यलाई व्यवस्थित, पारदर्शी एवं प्रभावकारी बनाउन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका कम्पनी सम्झनु पर्छ।

(ख) "जिल्ला समिति" भन्नाले दफा २५ बमोजिमको जिल्लास्तरको मल वितरण व्यवस्थापन समिति सम्झनु पर्छ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रदेश समिति" भन्नाले दफा २३ बमोजिमको प्रदेश मल वितरण व्यवस्थापन समिति सम्झनु पर्छ।

(ङ) "प्राविधिक समिति" भन्नाले दफा २१ बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।

(च) "फर्म" भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएका फर्म सम्झनु पर्छ।

(छ) "मल" भन्नाले लागत सहभागिताको आधारमा कृषकलाई अनुदानमा उपलब्ध गराइने रासायनिक मल सम्झनु पर्छ।

(ज) "मल वितरक कम्पनी" भन्नाले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड सम्झनु पर्छ र सो शब्दले दुवै कम्पनीहरु मातहतका कार्यालयलाई समेत जनाउनेछ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

वितरक कम्पनीलाई दिनु पर्नेछ। थप कोटा प्राप्त गर्ने विक्रेताले स्थानीय समितिको निर्णय भएको मितिले ७ दिन भित्र मल खरिद गरी लैजानु पर्नेछ।

(९) थप कोटा प्राप्त गर्ने बिक्रेताले उपदफा (८) बमोजिमको अवधि भित्र मल खरिद गरी नलगेमा मल वितरक कम्पनीले सोको जानकारी प्रदेश मन्त्रालयलाई गराउनु पर्नेछ। प्रदेश समितिले जानकारी प्राप्त भएको १५ दिन भित्र मलको आवश्यकता र आपूर्तिको विश्लेषणका आधारमा प्रदेश भित्रका अन्य स्थानीय तहहरुलाई मलको कोटा थप गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम थप मल प्राप्त गर्ने स्थानीय तहहरुले सोको जानकारी पाएको ७ दिन भित्र विक्रेता मार्फत मल उठाई सक्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम थप मल प्राप्त गर्ने स्थानीय तहरूले तोकिएको समय भित्र पूर्ण वा आंशिक रूपमा मल नउठाएमा, मल वितरक कम्पनीका कार्यालयहरुले प्रदेश समितिबाट निर्णय गराई माग र आवश्यकताको आधारमा अन्य स्थानीय तहलाई मल बिक्री गर्न सक्नेछन्। यसरी वितरण गरिएको मलको विवरण मल वितरक कम्पनीका कार्यालयले मासिक रुपमा प्रदेश समिति र जिल्ला समितिलाई उपलव्ध गराउनु पर्नेछ।

(१२) कुनै प्रदेशका लागि निर्धारण गरिएको मलको परिमाण खपत नभएमा वा नहुने देखिएमा समितिले सम्बन्धित प्रदेश मन्त्रालयलाई जानकारी दिई मल आवश्यक भएको अर्को प्रदेशका लागि कोटा थप गर्न मन्त्रालयलाई सिफारिस गर्न सक्नेछ।

(१३) उपदफा (६) (८) र (१०) को प्रयोजनको लागि समयावधि गणना गर्दा मल वितरक कम्पनीले मोबाइल म्यासेज वा इमेल पठाएको दिनको भोलि पल्ट एक दिन भएको मानिने छ।

## परिच्छेद-५

## विक्रेता नियुक्ति तथा बिक्री वितरण सम्बन्धी व्यवस्था

१३. विक्रेताको नियुक्तिः (१) यस कार्यविधि बमोजिम अनुदानको मल बिक्री वितरण, मल वितरक कम्पनी वा अन्तर्गतका कार्यालयहरुद्वारा नियुक्त विक्रेता मार्फत हुनेछ।

(२) सहकारी संस्था, फर्म वा कम्पनी अनुदानको मल बिक्री गर्ने विक्रेता हुन सक्नेछन्।

(३) अनुदानको मल बिक्री वितरण गर्न चाहने सहकारी संस्था, फर्म वा कम्पनीले सम्वन्धित स्थानीय तहको सिफारिस सहित मल वितरक कम्पनीको कार्यालयमा विक्रेता नियुक्तिको लागि निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विक्रेता बन्न चाहने सहकारी संस्था, फर्म वा कम्पनीले निवदेन संगै मल वितरक कम्पनीको विक्रेता नियुक्ति सम्बन्धी प्रक्रियामा तोकिएको विवरण तथा कागजातका अतिरिक्त देहायका कागजात तथा विवरण पेश गर्नु पर्ने छ।

(क) सहकारी संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाण,

(ख) सम्बन्धित स्थानीय तहको सिफारिस,

(ग) विगतका दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) स्थायी लेखा नम्बर(प्यान) दर्ता प्रमाण

(ङ) अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण (कम्तिमा विगत दुई वर्षदेखि कृषि उत्पादन सामग्रीको बिक्री वितरणमा संलग्न रहेको )

(च) नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण,

(छ) कर चुक्ता प्रमाणपत्र

(ज) आफूलाई तोकिएको कार्यक्षेत्र भित्र मल बिक्री गर्ने बिक्री केन्द्रको नाम, ठेगाना

(५) उपदफा (४) को खण्ड (ख) बमोजिम सम्बन्धित स्थानीय तहले मल वितरक कम्पनीको विक्रेता नियुक्तिको लागि सिफारिस गर्दा स्थानीय समितिको निर्णयको आधारमा गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम स्थानीय समितिले विक्रेता नियुक्ति सिफारिस सम्वन्धी निर्णय गर्दा विक्रेतासँग सम्बन्धित देहायका आधारमा गर्नु पर्नेछ ।

(क) नापतौल गर्ने मेशिन तथा गोदामघर लगायतका भौतिक पूर्वाधारको अवस्था,

(ख) कर्मचारीको संख्या,

(ग) बहुसंख्यक कृषकलाई पायक पर्ने स्थानमा अवस्थित रहे नरहेको,

(घ) समुदायमा पुर्याएको सेवा र

(ङ) मल सम्वन्धी प्राविधिक विषयको तालिम लिए नलिएको

(७) यो कार्यविधि लागू भए पछि स्थानीय तहले विक्रेता नियुक्ति सिफारिस गर्दा प्रत्येक वडामा हाल कार्यरत विक्रेता समेत गरी दुई भन्दा बढी बिक्रेता हुने गरी सिफारिस गर्न पाइने छैन।

तर भौगोलिक अवस्थिति, कृषक घर परिवारको संख्या, स्थानीय तहले समेट्नु पर्ने क्षेत्र एवं पायक अपायक समेत विचार गरी स्थानीय तहले थप एक बिक्रेता नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ। तर यस कार्यविधि लागु हुनु भन्दा अगाडी दुई भन्दा बढी विक्रेता नियुक्त भई कार्यरत रहेको अवस्थामा सोही अनुसार विक्रेता सङ्ख्या कायम हुनेछ।

(८) उपदफा (३) बमोजिमको निवेदन दिने सहकारी संस्था, फर्म वा कम्पनीलाई मल वितरक कम्पनीले विक्रेता नियुक्त गरी अनुसूची-३ बमोजिमको ढाँचामा मल बिक्रेता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ। साथै विक्रेता प्रमाणपत्र उपलब्ध गराउने वितरक कम्पनीले विक्रेता नियुक्त भएको जानकारी सम्वन्धित स्थानीय तह र जिल्ला समितिलाई गराउनु पर्नेछ।

(९) विक्रेता नियुक्ति गर्दा कृषि सम्बन्धी सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिनु पर्नेछ। तर कुनै स्थानीय तहमा कृषि सहकारी संस्था नरहेमा वा मलको कारोबार गर्न तयार नभएमा क्रमश: अन्य सहकारी संस्था, फर्म वा कम्पनीलाई प्राथमिकता दिई विक्रेता नियुक्त गर्न सकिनेछ।

सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(१०) स्थानीय तहले आवश्यकता अनुसार निश्चित कार्यक्षेत्र तोकी विक्रेता नियुक्तीको लागि सिफारिस गर्नु पर्नेछ। तर एकै स्थानमा एक भन्दा बढी विक्रेतालाई कार्यक्षेत्र तोक्न पाइने छैन्।

(११) सामान्यतया एक विक्रेतालाई एक भन्दा बढी स्थानीय तहको लागि विक्रेता नियुक्त गरिने छैन। तर दुई वा दुई भन्दा बढी स्थानीय तहले एक आपसमा समन्वय गरी एउटै बिक्रेतालाई पनि नियुक्तिका लागि सिफारिस गर्न सक्नेछन्।

(१२) विक्रेता प्रमाणपत्र लिनु अघि मल वितरक कम्पनी समक्ष त्यस्तो विक्रेताले अनुसूची-४ बमोजिमको प्रतिवद्धता पेश गर्नु पर्नेछ।

(१३) विक्रेताहरुको विवरण मल वितरक कम्पनीले सम्वन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ। यसरी नियुक्त भएका विक्रेतालाई स्थानीय तहले अनुसूची-५ बमोजिमको मल खरिद फारम जारी गर्नेछ।

(१४) विक्रेताले प्रत्येक दुई वर्षमा विक्रेता नियुक्तिको प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ र नवीकरणका लागि स्थानीय तहको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ।

(१५) स्थानीय तहले विक्रेता नियुक्तिको प्रमाणपत्र नवीकरणको लागि सिफारिस गर्दा सम्बन्धित विक्रेताको कार्यसम्पादन सन्तोषजनक भएको सुनिश्चित गरी गर्नु पर्नेछ वा विक्रेताबाट आगामी समयमा कार्यसम्पादन सुधारको प्रतिवद्धता लिई गर्नु पर्नेछ ।

१४. <u>मल वितरक कम्पनीको दायित्व:</u> (१) मल वितरक कम्पनीले तोकिएको कोटा अन्तर्गत रही सम्वन्धित स्थानीय तहले सिफारिस गरे बमोजिम विक्रेतालाई मल बिक्री गर्नु पर्नेछ।

(२) मल वितरक कम्पनीले विक्रेतालाई मल बिक्री गर्दा अनुसूची-५ अनुसारको मल खरिद फारम भरी अनुसूची -६ बमोजिमको बिल जारी गर्नु पर्नेछ।

(३) विक्रेताले मल बितरक कम्पनीबाट मल प्राप्त गरी बिक्री वितरण गरेको कारोबारको विवरण अनुसूची-७ बमोजिमको ढाँचामा तयार गरी स्थानीय तहबाट प्रमाणित गराई पेश गरे पछि वा मल वितरण सम्वन्धि सफ्टवेयरमा विवरण प्रविष्ट गरेको सुनिश्चित गरे पछि मात्र मल वितरक कम्पनीले त्यस्तो विक्रेतालाई मल उपलब्ध गराउनु पर्नेछ। विवरण अद्यावधिक नगरेका विक्रेतालाई कोटाको मल उपलव्ध गराउन मल वितरक कम्पनी बाध्य हुने छैन।

(४) मल वितरक कम्पनीले आफ्नो दैनिक कारोबारको विवरण अनुसूची-८ बमोजिमको ढाँचामा तयार गरी मल वितरण सम्वन्धि सफ्टवेयरमा प्रविष्ट गर्नुको साथै मन्त्रालय र प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ। साथै मासिक कारोबारको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा मन्त्रालय र प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) मल वितरक कम्पनीले यस कार्यविधि बमोजिम नियुक्त विक्रेतालाई मल खरिद फारम नभरी वा विक्रेता बाहेक अन्यलाई मल बिक्री गर्न पाउने छैन। यस विपरित कार्य गर्ने मल वितरक कम्पनीको कार्यालय प्रमुख वा सम्बन्धित कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।